स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



'कबड्डी' जोडी दयाहाङ राई र रिश्मा गुरुङको मुख्य भूमिका रहेको फिल्म 'रिमै'को ट्रेलर सार्वजनिक गरिएको छ। भदौ २० गतेबाट प्रदर्शनमा आउन लागेको फिल्मको साढे तीन मिनेट लामो ट्रेलरले कथावस्तु र केन्द्रीय द्वन्द्वबारे प्रकाश पारेको छ। गुरुङ समुदायको विवाह संस्कारलाई मुख्य विषयवस्तु बनाएर फिल्मले त्रिकोणात्मक प्रेमकथा प्रस्तुत गरेको ट्रेलरबाट बुझ्न सकिन्छ।

**आजको विचार...**



संघीयता...
(दुई पेजमा)

मुराहरि पराजुली



पछिल्लो केही दिनयता कलाकार प्रकाश सपुत र स्वस्तिमा खड्काबीच बोलचाल बन्द भएको चर्चा छ ।सपुतको फिल्म 'वसन्त'को प्रवर्धनमा स्वस्तिमा नहिँडेकाले यी दुईबीच बोलचाल बन्द भएको दावी गरिएको थियो । चर्चित म्युजिक भिडियोदेखि फिल्ममा सहकार्य गरेका यी दुई नबोलेको खबर आएपछि प्रशंसक पनि निराश थिए । तर, यी दुईबीच 'पानी बाराबार' रहेको हल्लालाई खण्डन गर्दै उनीहरू अभिनित फिल्म 'हरिबहादुरको जुत्ता'ले प्रवर्धन भिडियो नै सार्वजनिक गरेको छ ।

❒ वर्ष ३१ ❒ अंक ४० ❒ २०८२ भदौ १० गते मंगलबार 26 August 2025, Tuesday ❒ पृष्ठ संख्या ४ मूल्य रु ५/-

## संक्षिप्त समाचार

### आक्रमणमा ६ जनाको मृत्यु

(रासस/सिन्ह्वा)

**साना,** भदौ ९/ यमनको राजधानी सानामा आइतबार भएको इजरायली हवाई आक्रमणमा मृतकको सङ्ख्या छ पुगेको र ८६ जना घाइते भएको हुथीद्वारा सञ्चालित स्वास्थ्य मन्त्रालयले सोमबार जनाएको छ । घाइतेमध्ये सात बालबालिका र तीन महिला छन् भने २१ जनाको अवस्था गम्भीर रहेको छ । घाइतेमध्ये धेरैको अवस्था गम्भीर रहेकाले हुथी अधिकारीहरूले मृतकको सङ्ख्या बढ्न सक्ने चेतावनी दिएका छन् । हुथीका अनुसार आक्रमणले इन्धन र पावर स्टेशनहरू, राष्ट्रपति दरबार परिसर र अन्य नागरिक सुविधाहरूलाई लक्षित गरेको थियो ।इजरायली रक्षामन्त्री इजरायल काट्जले आक्रमण भएको पुष्टि गरेका छन् । सेनाले आक्रमणमा राष्ट्रपति दरबार, असर र हिजाज पावर प्लान्टहरू र इन्धन भण्डारण सुविधाहरूलाई समावेश गरिएको बताएका छन् । इजरायली राज्यको स्वामित्वमा रहेको कान टिभीले १४ वटा लडाकू विमानले आक्रमणमा भाग लिएको र करिब ४० वटा बम प्रहार गरिएको रिपोर्ट गरेको छ ।

# फेरिएको तिज

***पछिल्लो समय आधुनियकतासँगै भाउजूनन्दका खप्की, सासू-बुहारीका कलह, आमा-छोरीका बिलौना र माइती घरको सम्झना वरिपरि रहेर तिजमा गाइने पुराना लयका गीत आजभोलि गाउँ-घरमा सुनिँदैनन् । आँगनको डिलमा परालको गुन्द्री ओछ्याइ गाउँभरिका लागि लालटिन र दियालोको उज्यालोमा रातभर तिजका गीत मादलको तालमा गाउँदै/नाच्दै गरिने रमाइलो एकाएक हराएको छ ।***

**रामचन्द्र रायमाझी**

**पाल्पा,** भदौ ९/भदौरे झरीमा खोला र खहरेमा उर्लेको भेललाई छिचोल्दै तिजकै लागि माइती छोरीचेली र दिदीबहिनी लिन जाने चलन थियो । गाउँमा मोटर गुड्ने सडकको पहुँच थिएन, चेलीबेटी लिन माइती मावली नै पैदल हिँडेर जानुपर्ने बाध्यता थियो । सासू, ससुरा, घरपरिवारको मन जितेर र उनीहरुलाई मनाएर मात्रै माइत जान पाउन्थे । स-साना छोराछोरी पिठ्युँमा बोक्दै र हातमा डोऱ्याउँदै माइतीको अघिपछि हुँदै साँझपख मात्रै माइतीको आँगनमा पाइलो टेक्दा चेलीहरु औधि खुसी हुन्थे । तर हिजो आज अवस्था फरक छ । हात-हातमा मोबाइल र



इन्टरनेटको पहुँच तथा यातायातको सुविधाले छोरी चेली र दिदीबहिनीलाई लिन अब घरमै जान नपर्ने अवस्था आएको छ । त्यति मात्र होइन तिजमा चेलीले गितमार्फत आफ्नो बेदनाहरु पोख्थे र व्रतको अघिल्लो दिन पेट अडिलो बनाउन पौष्टि तत्व भएका खानेकुराहरु दरको रुपमा खाने गर्थे । तर यी सबै कुरा अहिले फेरिएका छन् ।

*तिज आयो जाउन बाबु दिदी लिनलाई*
*खुट्टैमा ढोँग गरे है भेट्दा भेनालाई ।*
*हुन्छ आमा दिदी लिन जान्छु जान त कोसेली पो के लानी हो पर्छ लान त ।।*

तानसेनकी ८० वर्षीया धनकुमारी तिमिल्सीनलाई यि गीत अहिले पनि सम्झना छ । "गाउँमा मोटर गुड्ने सडकको पहुँच थिएन, चेलीबेटी लिन माइती मावली नै पैदल हिँडेर जानुपर्ने बाध्यता थियो । सासू, ससुरा, घरपरिवारको मन जितेर र उनीहरुलाई मनाएर मात्रै माइत जान पाइन्थ्यो", उनले भनिन्, "हिजोआज भने गाउँगाउँमा सवारीसाधन पुगेका छन्, हातहातमा मोबाइल छ, न दाजुभाइलाई दिदीबहिनी लिन जाने झन्झट र न दिदीबहिनीलाई कोसेलीपातको व्यवस्था गर्न गाह्रो, पैसा भए बजारमा सबै चिज पाइन्छ, आनन्दै ।" तिमिल्सेनाले आफ्ना पालामा चेलीबेटीले भोगेका दुःख, दर्दका गीतहरु गाउने गरेको र चेलीले वर्षदिन भरी भोगेका पीडालाई गीतको माध्यमबाट सुनाउने गरेको बताइन् । तिजका गीतमा कति मीठा शब्द राखिएको हुन्थ्यो, तर अहिले सुन्न पनि नसक्ने खालका गीत बजारमा आउने गरेको उनी बताउँछिन् । रैनादेवी छहराकी ५८ वर्षीया सुन्तली नेपालीलाई पनि तिजका गीत बज्यो कि रमाइलो लाग्ने गर्छ । तर हिजो आजका गीत सुन्दा भने उनलाई रिस उठेर आउन्छ । विगतका दिनमा गाउँघरमा साथी सहेली, फुपू अमजु, ठूलीआमा, सानीआमा सबै महिला दिदीबहिनी एकै ठाउँमा जम्मा भई दुःखसुखका गीत गाएर, नाचेर वर्षभरिका पीडा भुल्ने गरेको नेपालीको अनुभव छ । "आजभोलि त हामीले मनाउने तिज, तीजजस्तो लाग्दैन,उच्छृङ्खल, तडकभडक र देखासिकीको चाडजस्तो लाग्छ", उनले भनिन् । ...**बाँकी अन्तिम पेजमा**

## बजारबाट सामाग्री खरिद गर्दा ध्यान दिनुपर्ने कुरा

**क्रेता वा सामाग्री खरिदकर्ताले:**

-बिल वा रसिदको विवरण ठीक छ कि छैन जाँच गरौं,
-सामानको नाम, मात्रा, मूल्य, मूल्य अभिवृद्धि कर (VAT), लगायत विवरण हेर्ने गरौ,
-बिलमा मिति, बिजक नम्बर र किनमेल गरिएको स्थान सही छ वा छैन जाँच गरौं,
-प्राप्त बिल वा रसिदलाई सुरक्षित राखौं,
-बिलमा व्यवसायको नाम, ठेगाना, फोन नम्बर र PAN नम्बर उल्लेखित भए/नभएको हेरौं,
-कुनैपनि वस्तु तथा सेवा खरिद गरेपछि बिल/बिजक माग्ने गरौं,

**बिक्रेताले:**

-ग्राहकलाई सामाग्री खरिद गरेको बिल अनिवार्य रुपमा दिऔं,
-बिल बमोजिमको सामान उपलब्ध गराऔं,
सामान खरिद बिक्री गर्दा बिल अनिवार्य लिने/दिने गरौं ।

# पाल्पा टेक्निकल इन्स्टिच्यूटको वार्षिक उत्सव तथा दीक्षान्त समारोह

## ३५ विद्यार्थी भए दिक्षित

**पाल्पा,** भदौ ९/जिल्लामा प्राविधिक शिक्षालयका रुपमा अग्रणी भूमिका खेल्दै आएको पाल्पा टेक्निकल इन्स्टिच्यूटले ३० औं वार्षिक उत्सव तथा प्रथम दीक्षान्त समारोह मनाएको छ ।

इन्स्टिच्यूटले सोमबार एक भव्य समारोहकाबिच वार्षिक उत्सवसँगै दीक्षान्त समारोह मनाएको हो । कार्यक्रमको लुम्बिनी प्रदेशका सामाजिक विकास मन्त्री जन्मजय तिमिल्सेनाले उद्घाटन गरेका हुन् । सभाको उद्घाटन गर्दै मन्त्री तिमिल्सेनाले शिक्षा,स्वास्थ्य क्षेत्रमा इन्स्टिच्यूटले पुऱ्याएको योगदान महत्वपूर्ण रहेको बताए । उनले प्राविधिक शिक्षालाई लुम्बिनी प्रदेश सरकारले प्राथमिकतामा राखेर काम गरेको उल्लेख गरे । लुम्बिनी प्रदेशका सांसद तथा पूर्व मन्त्री वीरबहादुर रानाले संस्कारसहितको सिप र शिक्षाले मात्र विद्यार्थीहरुको भविष्य सुनिश्चित हुने बताएका छन् । उनले भने," अहिले संस्कार हराएको छ , जसले संस्कारसहितको



शिक्षा र सिप सिक्छ उसको भविष्य सफल बन्ने छ ।" शिक्षाको प्रमाणपत्र प्राप्त गरेर मात्र हुँदैन संस्कार महत्वपूर्ण हुने भएकाले त्यसतर्फ ध्यान दिएर अध्ययन गर्न विद्यार्थीहरुलाई आग्रह गरे । सांसद रानाले भने,"जो सुकै अभिभावको चाहना हुन्छ हाम्रा सन्तानको भविष्य राम्रो होस्,राष्ट्रिय अन्तर्राष्ट्रिय रुपमा अब्बल बन्न सकुन भन्ने हुन्छ, त्यसैले पनि विद्यार्थी संस्कारयुक्त बन्न आवश्यक छ ।" कार्यक्रममा जिल्ला समन्वय समितिका प्रमुख टंकनाथ खनाल, तानसेन नगरपालिकाका नगर प्रमुख सन्तोषलाल श्रेष्ठ, राष्ट्रिय प्रजातन्त्र पार्टीका जिल्ला अध्यक्ष डुलबहादुर कुंवर, रेडक्रस पाल्पाका सभापति बाबुराम कार्की, पाल्पा अस्पतालका अध्यक्ष अजयमान कर्माचार्य , युनाइटेड मिसन अस्पतालकी निर्देशक डा. रचेल कारख, बेथल बोर्डिङ्ग स्कूल व्यवस्थापन समितिका अध्यक्ष माधव नेपाल, तानसेन नगरपालिका -१ का वडा अध्यक्ष सुनिल कुमार बस्याल, अभिभावक विरेन्द्र पाण्डे, विद्यार्थी मोनिका थापा लगायतले वार्षिक उत्सवको सफलताको शुभकामना व्यक्त गरेका थिए । कार्यक्रममा इन्स्टिच्यूटका प्रिन्सिपल त्रिलोचन पौडेलले वार्षिक प्रतिवेदन प्रस्तुत गर्दै १४ जिल्लाका विद्यार्थीहरु अध्ययनका लागि आउने गरेको बताए । उनले पछिल्लो समय प्राविधिक शिक्षातर्फ विद्यार्थीहरुको आकर्षण बढ्दै गए पनि सरकारी नितिका कारण प्राविधिक शिक्षालयहरु समस्यामा पर्ने गरेको गुनासो गरे । उनले भने "चिकित्सा आयोगको अदुरदर्शिता एंव गलत निर्णयबाट अधिकांस विद्यार्थीहरु देश बाहिर अध्ययनका लागि जाने भएकाले अधिकांस कलेजहरुमा कोटा भन्दा कम विद्यार्थीको उपस्थिति रहने तथा देशकाकरोडौं आर्थिक स्रोत बाहिरिने गर्दछ ।" ...**बाँकी अन्तिम पेजमा**

नेपाल सरकार
**विज्ञापन बोर्ड**

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

नवजनचेतना

# सम्पादकीय

## सीमा विवाद समाधान गर

नेपालको उत्तर पश्चिमी भूमि लिपुलेकबाट व्यापार नाका खोल्ने भारत र चीनबिच भएको सहमतिको नेपालमा चौतर्फी आलोचना र विरोध भइरहेको छ । लिपुलेकलाई व्यापारिक नाकाका रूपमा प्रयोग गर्न छिमेकी भारत र चीनबीच अप्रत्याशित रूपमा बहुचर्चित सहमति भएपछि गम्भीर राजनीतिक तथा कूटनीतिक तरंग सिर्जना भएको छ । सत्तापक्ष र प्रतिपक्षी दलसहित कुटनीतिज्ञ, बुद्धिजिवी एवं हरेक नागरिकले देशको सार्वभौमिकतामाथि हस्तक्षेप स्वीकार्य नहुने भन्दै विरोध गरिरहेका छन् । सीमा विवाद यो पहिलो भने हैन । बेला बेलामा सीमा विवाद उठिरहन्छ । छिमेकीसँग पटक-पटक बल्भिरहने सीमा विवादले मुलुकलाई पिरोल्दै आएको छ । अस्थिर सरकार र कमजोर कूटनीतिको अनुचित लाभ उठाउँदै नेपालको सार्वभौमिकतामाथि आँच आउने गरी भारत र चीन दुवैले आपसी भूराजनीतिक सौदाबाजी गर्दै आइरहेका छन् । यो अत्यन्त दुखको कुरा हो ।

आधिकारिक दस्ताबेज हुँदाहुँदै पनि यी दुई छिमेकीसँग सीमा विवाद रहँदै आएको छ । तुलनात्मक रूपमा चीनसँग भन्दा भारतसँग सीमा समस्या धेरै आउने गरेको छ । समाधानमा चासो नदिइँदा एउटै समस्याले बारम्बार गिजोलिरहेको छ । भारतले यो विषय उठ्दा वार्ता र संवादमार्फत समाधान खोज्न तयार छु भन्ने गरे पनि एकलौटी रूपमा भूमि कब्जा गर्नु यो उसको मिचाहा प्रवृत्ति हो । अहिले त भन् स्वार्थ मिलेपछि भारत र चीनले मिलेरै नेपालको सार्वभौमिकतामाथि हस्तक्षेप गरेका छन् । नेपालसँग प्रमाण हुँदा हुँदै सीमा हस्तक्षेप गर्न खोज्नु कुनै पनि दृष्टिकोणबाट राम्रो होइन । नेपालले कूटनीतिक सक्रियता, अन्तर्राष्ट्रिय समुदायको सहयोग र राष्ट्रिय एकता मार्फत यो विषय उठाइरहनु पर्छ । अहिले नेपालमाथि भएको प्रहारविरूद्ध सबै दल एकजुट हुनैपर्छ । भारत र चिनले पनि मिचाहा प्रवृत्ति छाडेर कूटनीतिक हात अघि बढाउन आवश्यक छ । यसर्थ दुवै पक्ष बुद्ध मनले वार्तामा बस्ने हो भने विवाद समाधान गर्न सकिन्छ । त्यसतर्फ भारत, चीन र नेपालले सोच्न जरुरी छ ।

### Opinion @ Social Network

कहिलेकाँही शब्दको भन्दा धेरै साथको जरुरत पर्छ
तर जब जरुरत पर्छ तब कोही हुँदैन।
*(माया थापाको फेसबुक स्टाटसबाट www.facebook.com/Maya.Thapa)*

**यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।**

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# संघीयता महँगो र कल्याणकारी राज्य सस्तो हुन्छ ?



**मुराहरि पराजुली**

अहिले एउटा दुबिधाबाट हाम्रो समाज गुज्रिरहेको छ । एकथरीलाई कल्याणकारी राज्य चाहिएको छ तर संघीयता महँगो भएको गुनासो गरिरहेका छन् । अर्काथरी भनिरहेका छन् – जनतालाई न्याय, समानता र समावेशिताको अनुभूति दिलाउन कल्याणकारी राज्य, संघीयता अँगालेको हो । सस्तो र महँगोको कुरा होइन । त्यसै हो भने आर्थिक कुशलता नभएका राजनीतिक व्यवस्था टिकाउ हुन्छन् त ? जुन उद्देश्यका लागि व्यवस्था स्थापना गरिएको हो त्यो पूर्ति हुन्छ त ? एउटा रूसी प्रसंगको चर्चा गरौं अनि यो प्रश्नमा फर्कौंला । रूसी नेता लेनिनको 'गोल्डेन ब्वाइ' भनेर चिनिने सोभियत अर्थशास्त्री निकोलाई बुखारिनले सन् १९२५ मा जे लेखे, त्यसले कालान्तरमा उनको ज्यान लियो । बुखारिन कम्युनिस्ट पार्टीको मुखपत्र 'प्राभ्दा' का सम्पादक पनि थिए । उनी बोल्सेभिक पार्टीका संस्थापकमध्ये सम्भवत: एक मात्र प्रशिक्षित अर्थशास्त्री थिए । जर्मनीमा निर्वासनका बेला उनले अर्थशास्त्र पढेका थिए । उनमा अस्ट्रियाली अर्थशास्त्री कार्ल मेंगर, युजिन भन बोहम-बावर्क लगायतको प्रभाव थियो । ती अर्थशास्त्रीहरू भन्थे – कुनै पनि वस्तु, पुँजी वा श्रमको मूल्य निर्धारण वस्तुगत हुँदैन। उपभोग्य वस्तुको बजार भाउ, ब्याज वा ज्यालाको निर्धारण एडम स्मिथ, डेभिड रिकार्डो वा कार्ल मार्क्सले भनेजस्तो उत्पादन लागतले गर्दैन, सौदाबाजीले गर्छ ।

सबै खाले बजार मूल्यको निर्धारण क्रेता र विक्रेताको अन्तर्क्रियाबाट हुन्छ । यस किसिमको विचारको छाप परेका बुखारिनलाई लेनिन सबभन्दा मूल्यवान र प्रमुख सिद्धान्तकार मात्र होइन सम्पूर्ण पार्टीको प्रिय नेता मान्थे । उनै बुखारिनले अस्ट्रियाली परम्पराका समकालीन अर्थशास्त्री लुडविग भोन मिसेसले समाजवादबारे भनेका कुरा नजरअन्दाज गर्न नसकिने बताएका थिए । किनकी कम्युनिस्ट पार्टीले सत्ता कब्जा गरिसकेपछि अख्तियार गरेको आर्थिक नीतिबाट हासिल भएको उपलब्धिबाट बुखारिन भित्रैदेखि विचलित थिए । बोल्सेभिकहरूले सन् १९१८ देखि १९२१ सम्म आर्थिक क्षेत्रमा युद्ध साम्यवाद (वार कम्युनिजम) चलाएका थिए । त्यो कार्ल मार्क्सले कल्पना गरेजस्तै विशुद्ध केन्द्रीय योजनामा आधारित थियो । पार्टीले समातेको त्यो बाटो विनाशकारी थियो । किनकी रूसमा प्रथम विश्व युद्धअघि जति फलाम उत्पादन हुन्थ्यो, पछि त्यसको दुई प्रतिशत मात्रै उत्पादन हुन थालेको थियो । त्यस्तै चिनी तीन प्रतिशत, सूति कपडाको उत्पादन पाँच प्रतिशतमा सीमित भएको थियो । यो पतनले लेनिनलाई नयाँ आर्थिक नीति (न्यू इकोनोमिक पोलिसी) अपनाउन बाध्य बनायो । यो नीतिले सीमित रूपमै भए पनि निजी कृषि र व्यापारलाई अनुमति दिएको थियो । यसले अर्थतन्त्रमा केही सुधार ल्यायो । यसमा बुखारिनले टिप्पणी गरेका थिए, 'नयाँ आर्थिक नीति अपनाउनु भनेको हाम्रो भ्रमको विसर्जन हो। शान्तिकालमा पनि केन्द्रीकृत योजनाले काम गर्छ भन्ने हामीलाई लागेको थियो र त्यही प्रणालीले निरन्तरता पाउनुपर्छ भनेका थियौं ।' सन् १९२५ को निबन्ध 'कन्सर्निङ द न्यू इकोनोमिक पोलिसी एन्ड आवर टास्क' मा कुनै रूसी नेताले कल्पनै नगरेको कुरा उनले भनेका थिए । उनले भनेका थिए, 'मिसेस साम्यवादका सबैभन्दा विद्वान आलोचक हुन् ।' मिसेसले सन् १९२० को निवन्ध 'द इकोनोमिक क्याल्कुलेसन प्रब्लम' मा आर्थिक प्रणालीका रूपमा समाजवादी संगठन असम्भव छ भनेर लेखेका थिए । किनभने समाजवादी संगठनले तर्कसंगत आर्थिक गणनालाई नष्ट गर्छ । अर्थात्, समाजवादी योजना प्रणालीले चिजहरूको सही हिसाबकिताब गर्न सक्दैन । त्यसैगरी सन् १९२२ को पुस्तक 'सोसियलिजम: एन इकोनोमिक एन्ड सोसियलोजिकल एनालाइसिस' मा मिसेसले समाजवादी व्यवस्थामा बढी मेहनत गर्ने, बढी उत्पादन गर्ने प्रोत्साहन हुँदैन भन्ने तर्क गरेका थिए । यसमा सूचना र समन्वयको समस्या पनि हुन्छ भनेका थिए । घोर कम्युनिस्ट बुखारिनले घोर पुँजीवादी मिसेसको प्रशंसा किन गरे होलान् ? किनकी बुखारिनले युद्ध साम्यवाद अन्तर्गत केन्द्रीय योजनाले काम नगरेको र न्यू इकोनोमिक पोलिसी अन्तर्गत बजार संयन्त्रले काम गरेको प्रत्यक्ष देखेका थिए । त्यस कारण उनले आर्थिक विकासका लागि बजार सम्बन्धको आवश्यकता औंल्याए र नोकरशाही आर्थिक व्यवस्थाको विरोध गरे । उनले आर्थिक गतिविधिमा प्रोत्साहन (नाफा) को महत्त्व बुझे । समाजवादी ढाँचा भित्र पनि बजार आवश्यक देखे । तर स्टालिनको कुरा फरक थियो। सन् १९२० दशकको अन्त्यसम्म आइपुग्दा स्टालिनले बलपूर्वक सामूहिकीकरण र औद्योगीकीकरणका कार्यक्रम लागू गरे । पञ्चवर्षीय योजनाको सूत्रपात पनि स्टालिनले नै गरे । यसमा बुखारिन उत्साही थिएनन् । आर्थिक सामूहिकीकरण र एकनाशको औद्योगीकीकरणले विपत्ति निम्त्याउँछ भन्ने उनले आकलन गरेका थिए । बुखारिन र स्टालिनको असहमति केवल आर्थिक थिएन । केन्द्रीय योजनाका लागि अपरिहार्य हिंसा पनि द्वन्द्वको विषय थियो । किनकी हिंसा प्रयोग नगरी योजना लागू हुनै सक्दैन थियो । योजना लागू नै भए पनि अपेक्षित लाभ प्राप्त हुँदैन भन्ने बुखारिनले बुझेका थिए । यही क्रममा स्टालिनले संकटकाल घोषणा गरेर अन्न थुपार्न थाले । किसानहरू बोल्सेभिक विरूद्ध उभिए । स्टालिनको अहममा ठेस लाग्यो । स्टालिन किसानको सत्ताविरोधी गतिविधि निस्तेज पार्न लागे। मिलिसिया, गुप्तचर, पार्टीका भिजिलान्तेलाई गाउँ गाउँ पठाउने र किसानबाट बलपूर्वक अन्न खोस्न थाले । किसानहरूलाई नै फुटाइयो । उनीहरू फलानाले अन्न लुकाएको छ भन्ने सूचना सरकारी मान्छेलाई दिन थाले । नतिजा – बुखारिनलाई जुन कुराको शंका थियो, त्यही भयो । युक्रेनमा थुप्रै मान्छे भोकभोकै मरे। त्यहाँ सन् १९३२-३३ मा भोकमरीले ५० लाख देखि १ करोड मान्छेको मृत्यु भएको अनुमान छ । स्टालिन र बुखारिनको दुरी झन् बढ्दै गयो । सन् १९३८ मा झुटा मुद्दा लगाएर स्टालिनले बुखारिनलाई मृत्युदण्ड दिए । स्टालिनका योजनाको आलोचना गर्ने अर्का नेता लियोन त्रस्कीलाई पनि मेक्सिकोमा निर्वासनमा रहेका बेला हिउँ फुटाउने बञ्चरोले हानेर मारियो । बुखारिनको कथाले आर्थिक विषयमा बौद्धिक इमानदारी कति खतरनाक हुन सक्छ भन्ने देखाउँछ । भलै बुखारिनको जस्तै ज्यानै लिने स्टालिन अहिलेको दुनियाँमा नहोलान् तर हाम्रो नेतृत्वले प्रचार गरेको समाजवादी योजना (कल्याणकारी राज्यको पक्षपाती) मन्द विष हो यसले धेरैलाई बिस्तारै बिस्तारै मार्न सक्छ । बजारको भर परेर हुँदैन, सरकारले हस्तक्षेप गर्नुपर्छ भन्नेहरूलाई रूसको इतिहास थाहा नहुन सक्छ वा थाहा भएर पनि नबुझेका हुन सक्छन् वा बुझ पचाएका हुन सक्छन्। रूसमा मात्र होइन पूर्वी युरोप-दक्षिण अमेरिक-अफ्रिका, चीन- भारत-कम्बोडिया-भियतनाम, उत्तर कोरिया लगायत मुलुकमा यस्तै घटना भएका थिए । बुझ्नुपर्ने कुरा के भने, आर्थिक शक्ति क्रुर हुन्छ । यसले हाम्रो राजनीतिक प्राथमिकतालाई कुल्चिएर अगाडि बढ्न सक्छ, होस गर्नुपर्छ । बजार संयन्त्र पूर्ण हुँदैन तर आर्थिक गतिविधिमा मानवीय समन्वयलाई अहिंसात्मक बनाउने यो एक मात्र माध्यम हो । बजार व्यवस्थाबाहेक अन्य विकल्पमा बलको प्रयोग गर्नैपर्छ, डर-त्रास देखाउनैपर्छ । गणतान्त्रिक नेपालको संविधान तर्जुमा हुँदै गर्दा हामी सबैले कल्याणकारी राज्यको अवधारणा कार्यान्वयन गर्ने उपयुक्त संरचना संघीयता हो भन्ने मानेका थियौं । त्यति बेला हामीले कल्याणकारी राज्यको अवधारणा वा संघीयतालाई आलोचनात्मक दृष्टिले हेरेनौं । दलहरूले जे भने, त्यसैलाई पत्यायौं । अझै पनि संघीयतामार्फत कल्याणकारी राज्यको अवधारणा लागू हुन नसक्नुको एक मात्र कारण नेता हुन् भन्ने सपाट निष्कर्षमा हामी पुग्छौं । नेताहरू खराब भएकाले तमाम विकृति आएका हुन् भन्छौं । यस किसिमको निष्कर्ष निकाल्न सजिलो हुन्छ । कुनै अवधारणा (सिद्धान्त, नीति, कार्यक्रम) वा संरचना आफैंमा समस्याग्रस्त हुन्छन् भन्नेमा हाम्रो ध्यान पुगेको हुँदैन । कतिपय अवधारणा वा संरचना राम्रो हुँदाहुँदै पनि सबैका लागि मेल खादैनन् । सबै मुलुकले कल्याणकारी राज्यको अवधारणा राम्ररी कार्यान्वयन गरेका छैनन् । संघीयता अँगालेका सबै मुलुकले राम्रो नतिजा हासिल गरेका छन् भन्ने पनि होइन । भेनेजुयलामा कम्युनिस्ट नेता ह्युगो चाभेजले नि:शुल्क शिक्षा र स्वास्थ्य सेवा दिए । स-साना केटाकेटीलाई पकेट-खर्च समेत उपलब्ध गराए । व्यापक सामाजिक सुरक्षा कार्यक्रम लागू गरे । चाभेजका सबै कार्यक्रम पेट्रोलियम पदार्थको बढ्दो मूल्यले थेगेको थियो । पेट्रोलियम खानीमा धनी भेनेजुयला अन्तर्राष्ट्रिय बजारमा प्रशस्त तेल बेच्थ्यो र आएको पैसा शिक्षा, स्वास्थ्य र सामाजिक सुरक्षामा खर्च गर्थ्यो । जब अन्तर्राष्ट्रिय बजारमा तेलको मूल्य घट्न थाल्यो, तब ती कार्यक्रम संकटमा परे । मुलुक बेखर्ची भयो र भेनेजुयलामा दु:र्दिन सुरू भए । त्यस कारण कल्याणकारी राज्यको अवधारणासँग मेल खाने कार्यक्रम र संघीय संरचनाको गुणदोष केलाउने प्रमुख आधार आर्थिक हुनुपर्छ । आर्थिक पक्ष बेवास्ता गरिएका कुनै पनि कार्यक्रम टिकाउ हुँदैनन् । माओकालीन चीन भोकमरीको चपेटामा थियो । यसमा चार करोड चिनियाँले ज्यान गुमाएको अनुमान छ । पछि चिनियाँ सत्ताको बागडोर नेता देंग सिआओ पिंगको हातमा आयो । उनी भन्थे – हामी समाजवादी हौं, ठीक छ । हामीसँग प्रशस्त जमिन छ, जनशक्ति छ । तर हामीले पर्याप्त उत्पादन किन गर्न सकिरहेका छैनौं ? विश्व बजार किन अर्कैको अधिनमा छ ? देंगको नेतृत्वमा निजी सम्पत्तिको अधिकार, आर्थिक खुलापन र सीमित आर्थिक गतिविधिमा मात्र सरकारी भूमिकालाई केन्द्रित गरेर चीनले फड्को मार्‍यो। चरम गरिबीको रेखामुनि रहेको झन्डै आधा जनसंख्यालाई मात्र चार दशकमा शून्यमा झारेको दाबी उसले गरेको छ । कल्याणकारी राज्यले आफ्ना नागरिकलाई सामाजिक सुरक्षा, स्वास्थ्य, शिक्षा, रोजगारजस्ता आधारभूत आवश्यकता पुर्‍याउँछु भन्ने वाचा गर्छ। यसका लागि राज्यले ठूलो खर्च गर्नुपर्छ, राज्यको कोषमा पर्याप्त स्रोत हुनुपर्छ । यसरी एकातर्फ कल्याणकारी कार्यक्रमको माग गर्ने तर अर्कोतर्फ त्यही कार्यक्रम सञ्चालन गर्न आवश्यक पर्ने आर्थिक स्रोतको व्यवस्थापनमा चुनौती थप्ने संरचना (संघीयता) लाई 'खर्चिला' भन्दै गुनासो गर्नुमा विरोधाभास देखिन्छ। कल्याणकारी राज्य प्राय: केन्द्रीय योजनामा आधारित हुन्छ। केन्द्रीय योजना करोडौं मान्छेहरूको बुद्धिभन्दा एउटा विज्ञको दिमागले गर्ने छनोट सही हुन्छ भन्ने मान्यतामा आधारित हुन्छ । यसले करोडौं मान्छेले आफ्नो आवश्यकता अनुसार विभिन्न विकल्पहरूबीच सही विकल्प छनोट गर्न सक्ने बालिग व्यक्तिको क्षमतामा प्रश्न गर्छ। अभिभावकले विद्यालय, बिरामीले अस्पताल, उपभोक्ताले उचित वस्तु छान्न सक्दैन भन्ने मान्यताले नागरिकको विवेकलाई अवमूल्यन गरेको हुन्छ । यो आदर्शवादी सपनाबाट ब्युझियौं भने हामीले थाहा पाउने छौं, कल्याणकारी राज्य सस्तो र संघीयता महँगो भन्ने हुँदैन । संघीयता कम खर्चिलो बनाउन सकिएला तर कल्याणकारी राज्यलाई सस्तो बनाउन सकिँदैन ।

***-सेतोपाटी डटकम***

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५

**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४

**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

**मेष** : मेहनत गर्दा अध्ययनमा प्रगति हुनेछ। बौद्धिक र तार्किक क्षमतामा विकास हुनेछ।

**वृष** : कार्यक्षेत्रमा पछाडि परिएला। कुनै कुरालाई लिएर असमझदारी बढ्नेछ।

**मिथुन** : घरायसी आवश्यकतामा खर्च बढ्नेछ।व्यापारबाट लाभ उठाउन सकिएला।

**कर्कट** : बोलिको प्रभाव बढ्नेछ। घर परिवारमा मनोरन्जनात्मक समय बित्नेछ।

**सिंह** : कार्यक्षेत्रमा सक्रिय भूमिका निभाउन सक्नुहुनेछ।कामले प्रसद्धि दिलाउनेछ।

**कन्या** : मनोबलमा कमी आउनेछ। विशिष्ट व्यक्तिको कुरालाई वेवास्था नगर्नुहोस्।

**तुला** : आम्दानीका नयाँ स्रोतहरू फेलाहरू पर्नेछन्।महत्वकांक्षी योजनाहरू पूरा हुनेछन्।

**वृश्चिक** : आत्मबलमा वृद्धि हुनेछ। योजनाको रूपरेखा तैयार गर्न सकिनेछ।

**धनु** : शैक्षिक क्षेत्रमा प्रगति हुनेछ। लेखन वा चित्रकलामा सफलता मिल्ला।

**मकर** : रोकिएका कार्यबाट सफलता मिल्नेछ। आर्थिक क्रियाकलापमा बाधा आऊनेछ।

**कुम्भ** : मुद्दा मामलाहरू सुल्झिनेछन्। पहिलाको सफलताले थप हौसला जाग्नेछ।

**मीन** : विचार पुऱ्याएर निर्णय लिनुहोस्। अरुको लागि बुद्धि वा श्रम खर्च गर्नुपर्ला।

## विज्ञान/सूचना प्रविधि

# एक्कासि किन फेरियो स्मार्टफोनको कलिङ स्क्रिन ?




एन्ड्रोइड स्मार्टफोन प्रयोग गर्नुहुन्छ भने तपाईंले केही दिन अघि आफ्नो फोनमा पक्कै परिवर्तन याद गर्नुभएको हुनपर्छ । क्यौं एन्ड्रोइड प्रयोगकर्ताहरू आफ्नो फोनको कल र डायलर सेटिङमा अचानक परिवर्तन देखेर छक्क भए । सामाजिक सञ्जालमा धेरै मानिसहरूले आफ्नो फोनमा अचानक आएको परिवर्तनबारे प्रश्न सोधिरहेका छन् । केहीले भने यसप्रति आफ्नो असन्तुष्टि व्यक्त गरिरहेका छन् । परिवर्तन पछि, एन्ड्रोइड फोनबाट कल गर्दा वा कल आउँदा फोनको इन्टरफेस, अर्थात् डिस्प्ले र डिजाइन, परिवर्तन भएको देखिन्छ । आफूहरूले फोनको सेटिङमा कुनै परिवर्तन नै नगरी कल स्क्रिन स्वत: कसरी परिवर्तन भयो भन्ने उनीहरूको जिज्ञासा छ । केहीहरूले आफ्नो फोन ह्याक भएको हो कि भनेर चिन्ता पनि भइरहेको होला । धेरै एन्ड्रोइड प्रयोगकर्ताहरूले फोनमा देखिएका यी परिवर्तनहरूबारे विभिन्न सामाजिक सञ्जाल प्लेटफर्महरूमा शेयर गरेका छन् । यी परिवर्तनहरू एन्ड्रोइड फोनहरूमा मात्र गरिएको हो । एप्पलका फोनमा यस्ता कुनै पनि परिवर्तनहरू गरिएको छैन । तर एन्ड्रोइड फोनहरूमा यी परिवर्तनहरू किन भए, यी सेटिङहरू कसरी परिवर्तन भए र के यी सेटिङहरूलाई पहिलेको अवस्थामा फर्काउन सकिन्छ ? आजको यो लेख यिनै विषयमा केन्द्रित हुनेछ ।

**कसरी भयो हालैको परिवर्तन ?**

गुगलले एन्ड्रोइड फोनहरूमा प्रयोग हुने आधारभूत सफ्टवेयर (ओएस) बनाउँछ । कम्पनीले यसलाई समय-समयमा अपडेट पनि गर्छ । यस वर्षको मे महिनामा, कम्पनीले 'मटेरियल थ्रीडी एक्सप्रेसिभ' नामक अपडेट जारी गर्ने बताएको थियो, जुन पछिल्ला केही वर्षहरूमा कम्पनीको सबैभन्दा ठुलो अपडेटहरू मध्ये एक हुनेछ । गुगलले यो अपडेटसँगै फोनको सफ्टवेयर र डिस्प्ले प्रयोग गर्न सजिलो, छिटो र सहज हुने बताएको छ । पहिले हाम्रो एन्ड्रोइड फोनको डिस्प्ले 'मटेरियल थ्रीडी' नामक डिजाइनमा चल्थ्यो । गुगलका अनुसार, 'नियमित प्रयोगका कारण अरबौं प्रयोगकर्ताहरू यसको लतमा परेका' थिए । नयाँ डिस्प्ले सेटिङहरूमा धेरै कुराहरू परिवर्तन भइरहेको गुगलले बताएको छ । सूचना, रङ थिम, फोटोहरू, जीमेल र घडी आदि फेरिएका छन् । प्रयोगकर्ताको अनुमति बिना सेटिङहरू

**कसरी भयो परिवर्तन ?**

मटेरियल थ्रीडी एक्सप्रेसिवअपडेट अन्तर्गत, एन्ड्रोइड फोनको कल एपको डिजाइन परिवर्तन गरिएको गुगलले भनेको छ । यो अपडेट जुनमा केही प्रयोगकर्ताहरूको लागि गरिएको थियो र त्यसपछि विभिन्न चरणहरूमा व्यापक रूपमा लागू गरियो । गुगलका अनुसार, यसको उद्देश्य एन्ड्रोइडको कलिङ एपको प्रयोगलाई सजिलो बनाउनु हो । गुगलले रिसेन्ट कल र फेभरेट विकल्प हटाएको छ । यसलाई 'होम'मा मिलाइएको छ । त्यसैले अब जब कलको लागि फोन एप खोल्दा होम र किप्याडको विकल्प मात्र देखिनेछ । कम्पनीका अनुसार, अब एउटै नम्बरबाट आउने सबै कलहरू सँगै वा एउटै ठाउँमा देखा पर्ने छैनन् । समय अनुसार कल इतिहासमा देखा पर्नेछन् । यसले तपाईंलाई बारम्बार सम्पर्क खोज्न आवश्यक पर्दैन । यसले प्रयोगकर्ताहरूलाई उनीहरूको कल इतिहास अझ राम्रोसँग बुझ्न मद्दत गर्ने गुगलको भनाइ छ । कति मिस्ड कलहरू छन् वा कति कल उठाइएको हो भनेर हेर्न प्रत्येक नम्बर छुट्टाछुट्टै खोल्नु नपर्ने कम्पनीको भनाइ छ । यससँगै, प्रयोगकर्ताहरूको प्रतिक्रिया पछि 'इनकमिङ कल'को डिजाइन पनि परिवर्तन गरिएको छ । प्रयोगकर्ताहरूले खल्तीबाट फोन निकाल्दा गल्तीले कल रिसिभ नगरुन् वा कल विच्छेद नगरुन् भनेर आगमन कलको डिजाइन परिवर्तन गरिएको हो । धेरै प्रयोगकर्ताहरूको फोन एपहरू स्वचालित रूपमा अपडेट भएको गुगलको म्यासेज र सामाजिक सञ्जालमा प्रतिक्रियाहरूबाट देखिन्छ । तर, फोन सेटिङहरू अझै परिवर्तन नभएकाहरू पनि अझ क्यौं छन् । एक प्रयोगकर्ताले गुगल ब्लगमा यसको कारण दिएका छन् । केही प्रयोगकर्ताहरूले आफ्नो फोनमा गुगल प्ले स्टोरमा स्वत: अपडेटको विकल्प रोजेको अनि यस्तो अवस्थामा, केही एपहरू स्वचालित रूपमा अपडेट हुने उनले लेखेका छन् । प्रयोगकर्ताहरूले यी अटो-अपडेटहरू बन्द गर्न सक्ने फोन सेटिङहरूमा गएर 'अनइन्स्टल अपडेट'को विकल्पमा क्लिक गरेर, तिनीहरूले पहिलेको सेटिङहरू अनुसार फोन कल डिस्प्ले सेटिङहरू बनाउन सक्ने ती प्रयोगकर्ता बताउँछन् । मोबाइल कम्पनी वनप्लसले पनि यही कुरा भनेको छ । एक्समा एक प्रयोगकर्ताले कम्पनीलाई उनीहरूले यसो गर्नुको कारण सोधेका थिए । यसको उत्तरमा कम्पनीले भन्यो, 'यो वनप्लसबाट होइन, तर गुगल फोन एपको अपडेटबाट भएको हो । यदि तपाईंलाई अझै पनि आफ्नो फोनमा पुरानो शैली मनपर्छ भने, तपाईंले अपडेट अनइन्स्टल गर्न सक्नुहुन्छ ।' आफ्नो एन्ड्रोइड फोनमा नयाँ परिवर्तनहरू देखेर तपाई पनि चिन्तित हुनु भएको छ ? चिन्ता नगर्नुहोस् । पुरानो शैली मनपर्छ र यी नयाँ अपडेटहरू चाहनुहुन्न भने, तपाईंले नयाँ अपडेट पनि अनइन्स्टल गर्न सक्नुहुन्छ । ***-रातोपाटी डटकम***

# औपचारिक रूपमा सुरु भयो गुगलको स्ट्रीट भ्यू सेवा

डिजिटल नेपाल कन्क्लेभ २०२५ को अवसरमा गुगल म्याप्सले नेपालमा स्ट्रीट भ्यू सेवा औपचारिक रूपमा सुरु गरेको घोषणा गरेको छ । यससँगै अब विश्वको कुनै पनि कुनाबाट प्रयोगकर्ताले नेपालको भूदृश्य र संस्कृति भर्चुअल रूपमा अवलोकन गर्न सक्नेछन् । स्ट्रीट भ्यूमार्फत अब काठमाडौंका जीवन्त सडक र गल्लीहरूमा टहलिन, शान्त र हरियालीले भरिएको तराई क्षेत्रको अन्वेषण गर्न तथा हिउँले ढाकिएका भव्य हिमालहरूको दृश्य देखाउने घुमाउरा सडकमा भर्चुअल यात्रा गर्न सकिनेछ । यी सबै दृश्यहरू अब मोबाइल फोन वा कम्प्युटरमार्फत सजिलै अनुभव गर्न सकिन्छ । यो सेवाले प्रयोगकर्तालाई नेपालको ऐतिहासिक वास्तुकला, प्राचीन मन्दिर, दरबार, चहलपहलयुक्त बजार र जीवन्त




परम्परालाई नजिकबाट हेर्ने अवसर दिनेछ । पर्यटन प्रवर्द्धनका दृष्टिले समेत यो सुरुआतले नेपाललाई विश्वसामु नयाँ र आकर्षकरूपमा प्रस्तुत गर्ने विश्वास व्यक्त गरिएको छ । नेपालका नवीनतम दृश्यहरू हेर्न मोबाइल वा कम्प्युटरमा गुगल म्याप्स खोलेर ३६० डिग्री भ्यु वा पहेँलो स्ट्रीट भ्यू 'प्यागम्यान' आइकनमा क्लिक गर्नुपर्नेछ । ***-बाह्रखरी डटकम***

# चीनले बनाउँदैछ बच्चा जन्माउने रोबोट



आधुनिक विज्ञान तथा प्रविधिको क्षेत्रमा चीनले गरिरहेको चमत्कारमा एउटा नयाँ अध्याय लेखिँदैछ । एक चिनियाँ कम्पनीले विश्वकै पहिलो मानव रोबोट तयार पार्दैछ, जसले भाडाको आमाको रुपमा अरुको बच्चा कोखमा राखेर जन्माइदिनेछ ।

चिनियाँ रोबोटिक्स कम्पनीले विश्वकै पहिलो त्यस्तो सरोगेट रोबोटको निर्माण सम्पन्न गर्न थालेको समाचारले एकसाथ चर्चा तथा विवाद उत्पन्न गरेको छ । यहीं अगष्ट ८ मा चिनियाँ विज्ञान तथा प्रविधि सम्बन्धी पत्रिका कुआई के झीले डा.झाङ्ग क्विफेंगको अन्तर्वार्ता प्रकाशन गऱ्यो । सिंगापुरस्थित नानयाङ्ग प्रविधि विश्वविद्यालयबाट विद्यावारिधि गरेका झांग काइवा टेक्नोलोजी नामक रोबोटिक्स स्टार्टअपका सीईओ हुन् । उक्त कम्पनीले गर्भाधारण गरेर बच्चा जन्माउन सक्ने रोबोट निर्माणमा काम गरिरहेको छ । आफ्नो अन्तर्वार्तामा उनले आफ्नो कम्पनी विश्वकै पहिलो ह्युमानोइड प्रेग्नेन्सी रोबोटको निर्माण सम्पन्नको निकै नजिक पुगेको बताएका छन् । उक्त रोबोटको पेटमा कृत्रिम गर्भाशय हुनेछ । वास्तवमा रोबोटिक्स प्रविधिको क्षेत्रमा तथा समग्र मानव इतिहासमै क्रान्तिकारी परिवर्तन ल्याउने ठानिएको यो रोबोट सामान्य इन्कुबेटर भन्दा निकै फरक हुनेछ । यो रोबोटले महिलाले जस्तै आफ्नो गर्भाशयमा १० महिनासम्म गर्भाधारण गरेर महिलाले जीवित बच्चा जन्माउन सक्नेछ । यो सरोगेट रोबोटको सबैभन्दा महत्वपूर्ण अंग भनेकै कृत्रिम पाठेघर हो । उक्त कृत्रिम पाठेघरमा प्रत्यारोपित भ्रूणलाई वास्तविक पाठेघरभित्र जस्तै एम्नियोटिक तरलमा हुर्काइनेछ र बच्चाको नालसँग जोडिएको ट्युबमार्फत् पोषक तत्वहरू आपूर्ति गरिनेछ । डा. झाङ्गका अनुसार यो कृत्रिम पाठेघरले हालसम्म जनावरहरूमा परीक्षण गर्दा राम्रो सफलता प्राप्त गरिसकेको छ । आगामी एक वर्षभित्रमा यो रोबोटको निर्माण सम्पन्न भएर बजारमा पठाइने र यसको मूल्य १ लाख युआन अर्थात् करीब १४ हजार डलर रहने बताइएको छ । अन्तरवार्ताका क्रममा झांगले भन्छन्, 'कृत्रिम पाठेघर प्रविधि परिपक्व अवस्थामा पुगिसकेको छ । र, अब यसलाई रोबोटको पेटमा प्रत्यारोपित गर्नुपर्नेछ ताकि रोबोटले गर्भाधारण गर्नका लागि अन्तरक्रिया गर्न सकोस् । तत् पश्चात् उक्त कृत्रिम पाठेघरभित्रै भ्रूण वृद्धि हुनेछ ।' यद्यपि डिम्ब र शुक्रकिट कसरी फर्टिलाइज गर्ने र त्यसलाई कृत्रिम पाठेघरमा कसरी प्रत्यारोपण गर्ने हो भन्ने विषयमा उनले थप विवरण दिएका छैनन् । कृत्रिम पाठेघर भएको रोबोट बारेको डाक्टर झांगको अन्तरवार्ता प्रकाशित भएसँगै त्यसले चिनिया सोसल मिडियामा सनसनी मच्चाएको छ । साथै यसले ठूलो चर्चा र विवाद पनि सिर्जना गरेको छ । आलोचकहरुले यो प्रविधि अप्राकृतिक रहेको भन्दै क्रूर र अनैतिक भएको हुनाले यसले भ्रूणलाई आफ्नो प्राकृतिक आमासँग जोडिनबाट बञ्चित गराउने टिप्पणी गरेका छन् । तथापि प्राकृतिक रुपमा गर्भाधारण गर्न नसकेका र कृत्रिम गर्भाधानबाट समेत सन्तानलाभ प्राप्त गर्न नसकेका व्यक्तिहरुबाट भने यो प्रविधिले व्यापक समर्थन प्राप्त गरेको देखिन्छ । साथै यो प्रविधिले महिलाहरुलाई गर्भधारण सम्बद्ध बन्देजहरुबाट मुक्त गर्ने कतिपयको मत छ । एकजनाले सोसल मिडियामा लेखेका छन् यदि यसको मूल्य मेरो वार्षिक तलबको आधा भएपनि मैले किन्नेछु । यसका साथै गर्भाधारण गरेर बच्चा जन्माउन सक्ने विश्वकै पहिलो रोबोटका विषयमा अनलाइनमा ठूलो उत्साह देखिएको भएपनि चिकित्सा विज्ञहरुले भने उक्त प्रविधिको क्षमताप्रति आशंका व्यक्त गरेका छन् । मानिसमा गर्भ अवधिमा हुने निकै संवेदनशील र जटिल आयामहरुलाई एउटा रोबोटले पूरा गर्न सक्नेमा उनीहरु विश्वस्त छैनन् । आमाले गर्ने हर्मोनको उत्सर्जन, रोग प्रतिरोधी प्रणालीको अन्तरक्रिया र स्नायुजन्य विकास जस्ता गर्भावस्थामा हुने परिघटनाहरु रोबोटको सरीरभित्र हुन सम्भव नरहेको कतिपयको भनाई छ । ***-अनलाइन खबर डटकम***

# एलन मस्कको स्पेसएक्स परीक्षणका लागि तयार



एलन मस्कको स्पेसएक्स आइतबार आफ्नो स्टारसिप मेगारकेटको अर्को परीक्षणका लागि तयार भइरहेको छ । हालैका असफलताहरूले यसको व्यवहार्यतामाथि प्रश्न उठाइरहेका बेला यो उडानलाई निकै महत्त्वपूर्ण मानिएको छ । विश्वकै सबैभन्दा शक्तिशाली प्रक्षेपण वाहन दक्षिणी टेक्सासको स्टारबेसबाट स्थानीय समय साँझ ६:३० बजे (२३३० जीएमटी) १०औँ उडानका लागि प्रस्थान गर्ने योजना छ । यस मिसनको लक्ष्य रकेटलाई परीक्षणहरूको शृङ्खलाबाट गुजार्दै विश्वको आधा बाटो उडाएर अन्तत: हिन्द महासागरमा खसाल्ने हो । यस पटक भने कम्पनीले प्रक्षेपण टावरको विशाल 'चपस्टिक' हात प्रयोग गरी बुस्टर समात्ने प्रयास नगर्ने बताइएको छ । स्टारसिप मस्कको मङ्गल ग्रह उपनिवेश योजनाको केन्द्र हो । नासाले पनि यसलाई संशोधित संस्करणमार्फत आर्टेमिस चन्द्र ल्यान्डरको रूपमा प्रयोग गर्ने तयारी गरेको छ । तर सन् २०२५ मा भएका सबै तीन परीक्षण उडानहरू दुई पटक क्यारिबियन टापु नजिक र एक पटक अन्तरिक्ष पुगेपछि माथिल्लो चरण विस्फोटमा समाप्त भएका छन् । यसै वर्ष, 'स्टाटिक फायर' परीक्षणमा जमिनमै अर्को माथिल्लो चरण विस्फोट भएको थियो । स्पेसएक्सले अपनाएको 'फेल फास्ट, लर्न फास्ट' संस्कृतिले कम्पनीलाई फाल्कन रकेट परिवारमार्फत प्रक्षेपण उद्योगमा अग्रणी बनाएको थियो । तर स्टारसिपका लगातार अवरोधहरूले यसै किसिमको सफलता दोहोऱ्याउन सक्ने क्षमतामा शङ्का उत्पन्न गरेको छ ।बाब बढ्दै एनालाइसिस मेसनका अन्तरिक्ष विज्ञ डलास कासाबोस्कीले भने, "यो मिसनमा निकै दबाब छ । धेरै परीक्षण भए तर अझै भरपर्दो साबित भएको छैन- असफलताहरू नै बढी छन् ।" पूर्व इन्जिनियर एवं विश्लेषक विल लकेटले भने, "भारी पेलोड परीक्षणको कमीले स्टारसिपको अवधारणामै समस्या देखाउँछ ।" उनका अनुसार, स्पेसएक्सले पुन: प्रयोगयोग्य बनाउन हलका बनाइएका स्टारसिपहरू आवश्यकताभन्दा कमजोर भएका छन्, जसले हालैका परीक्षणहरूमा संरचनात्मक असफलता निम्त्याएको हो । यसैबीच, 'के एलन मस्कको स्टारसिप बर्बाद भयो ?' जस्ता हेडलाइनहरूले ध्यान तानेका छन् । मस्कले कम्पनीको भविष्य नै स्टारसिपमा लगानी गर्नुभएको छ र अन्तत: हालका रकेट तथा अन्तरिक्ष यानलाई अवकास दिन चाहन्छन् । दशौँ परीक्षण सफल भए पनि, प्रणालीलाई पूर्ण पुन: प्रयोगयोग्य बनाउने, कक्षामा सुपर-कुल्ड इन्धन भर्ने र गहिरो अन्तरिक्ष मिसन सम्भव बनाउन अझै ठूलो प्राविधिक चुनौती बाँकी छ । यद्यपि स्पेसएक्सले प्रक्षेपणको आवृत्ति बढाउँदैछ । वातावरणीय समूहहरूको आलोचनाका बीच फ्लोरिडामा नयाँ प्रक्षेपण र अवतरण सुविधा निर्माण पनि भइरहेको छ । ***-हाम्रा कुरा डटकम***

# आज तिज : शिवको पूजा-आराधना गरी मनाइँदै

**पाल्पा,** भदौ ९/हिन्दु नारीहरुको महानपर्व हरितालिका तिज आज, भगवान शिवको आराधान गरेर मनाइँदै छ ।




भाद्र शुक्ल तृतीयामा व्रत बसी शिव-पार्वतीको पूजा, उपासना गरेमा पारिवारिक सुख, शान्ति र कल्याण प्राप्ति हुने धार्मिक विश्वास छ । धर्म शास्त्रीय रूपमा महिला र पुरुष दुवैले हरितालिका तिजको व्रत गर्नुपर्ने भए पनि सामाजिक चर्चा भने महिलाले श्रीमानको दीर्घायुको कामनाका लागि गर्ने बुझाइ छ । व्रत गर्ने पुरुषले विधुर हुनु नपर्ने, नारीले अटल सौभाग्य र अविवाहित पुरुष, महिलाले गुणसम्पन्न वर वा वधू पाउने शास्त्रीय वचन रहेको पाइन्छ । तिजको अघिल्लो दिन हिजो दर खाएका महिलाहरुले आज निराहार ब्रत बसेर शिवालयमा गएर पुजा आराधना गर्ने गर्दछन् । सत्ययुगमा आजैको दिन निराहार ब्रत बसी पार्वतीले महादेव स्वामी पाएको कथनअनुसार तिजको दिन ब्रत बस्दा मनोकामना पूरा हुने धार्मिक विश्वास छ । अनादि कालमा हिमालय पर्वतकी पुत्री पार्वती (आदि शक्ति) ले 'देवाधिदेव महादेवलाई पति रूपमा पाऊँ' भनी व्रत गरेको शिवपुराणमा उल्लेख छ ।

बाबुले आफ्नो विवाह भगवान् विष्णुसँग गरिदिने भएपछि पार्वतीले आफूले मन पराएको वर पाउन शिवजीको तपस्या गरेकी थिइन् । तथापि आफ्नो मनोकामना पूर्ण नभएपछि उनले शिवलिङ्ग स्थापना गरी व्रत बसी पूजाआराधना गरेकी थिइन् । अन्तत: उनले गरेको व्रत यसै दिन पूर्ण भएको र व्रतका प्रभावले शिवपार्वतीको विवाह भएको शास्त्रमा उल्लेख छ । सोही आधारमा तिज पर्व मनाउने गरिएको पाइन्छ । यस दिन महिलाहरू आफ्नो शरीरको अवस्था अनुसार निराहार, जलाहार, फलाहार, एकछाक खाने वा अत्यन्त अशक्त अवस्थामा भोजन गरेरै भए पनि तिजको व्रत बस्नुपर्ने मान्यता छ । तिजको अवसरमा 'अविवाहितले सुयोग्य वर पाऊँ, विवाहितले आफ्ना पतिबाट पार्वतीले झैं माया पाऊँ, जीवनभर दाम्पत्य जीवनको सुखभोग गर्न पाऊँ र विधवा महिलाले अर्को जन्ममा सुयोग्य पति पाऊँ र वैधव्य जीवन बिताउनु नपरोस्' भन्ने मनोकामनाका साथ व्रत बस्ने गर्दछन् । व्रतको अघिल्लो दिन भाद्र शुक्ल द्वितीयाका दिन राति ११ बजेअगावै दर खाने चलन छ । यस दिन चेलीलाई माइतीले वा दिदीले बहिनीहरूलाई वा मावलीले चेली भान्जीहरूलाई बोलाउने र दर खुवाउने गर्दछन् । दर भनेको पौष्टिक वा सात्विक (दाल, भात, तरकारी, फलफूल, दूध, दही, घिउ आदि) आहार हो । भोलिपल्ट व्रत बस्न शक्ति प्राप्ति होस् भनेर पौष्टिक आहार गर्ने चलन रहेको छ ।

सो अवसरमा महिलाहरू माइत जाने र आफ्ना मन मिल्दा साथीसँगीसँग भेटघाट गर्ने, नाँचगान, भजनकीर्तन र जमघट गर्ने अनि आपसमा वर्ष दिनभर आफूलाई परेका दु:ख, पीर, मर्का पोख्ने गर्दछन् ।

## खेलकुद समाचार

### बीसीसीआईले ड्रिम-११ सँगको जर्सी सम्झौता रद्द गर्‍यो




**काठमाडौं,** भदौ ९/भारतीय क्रिकेट कन्ट्रोल बोर्ड (बीसीसीआई) ले ड्रिम-११ सँगको ३५८ करोड भारुको जर्सी सम्झौता रद्द गरेको छ ।

अनलाइन गेमिङको प्रवर्द्धन र नियमन विधेयक २०२५ पारित भएसँगै विश्वको सबैभन्दा ठूलो वास्तविक पैसा कमाउने गेमिङ कम्पनी ड्रिम-११ सँग बीसीसीआईले प्रायोजन सम्झौता रद्द गरेको भारतीय सञ्चारमाध्यमले जनाएका छन् ।

बीसीसीआईले ड्रिम-११ सँग सम्झौता समाप्त गर्नु अपरिहार्य थियो । अन्यथा ३५८ करोड भारु बराबरको प्रायोजन सम्झौताको निरन्तरता गैरकानूनी हुने थियो । बीसीसीआईले भविष्यमा यस्ता कुनै पनि संस्थासँग संलग्न नहुने प्रतिबद्धता पनि जनाएको छ । नयाँ सरकारी कानूनले काल्पनिक गेमिङको विज्ञापनलाई गैरकानूनी बनाएको छ । ड्रिम-११ को मूल कम्पनी ड्रिम स्पोर्ट्सले सन् २०२३ मा बीसीसीआईसँग ३ वर्षको जर्सी प्रायोजन सम्झौतामा हस्ताक्षर गरेको थियो । एशिया कप नजिकिँदै गर्दा बीसीसीआईले अर्को १५ दिनभित्र कुनै कम्पनीसँग सम्झौता नगरेसम्म भारतीय टोली जर्सी प्रायोजकविना नै रहनेछ । एशिहया कप आउँदो सेप्टेम्बर ९ देखि संयुक्त अरब इमिरेट्स (यूएई) मा शुरू हुँदैछ ।

## अर्थ/कर्पोरेट समाचार

### नेप्से परिसूचक २१ अङ्कले बढ्यो



**पाल्पा,** भदौ ९/तीन दिनयता लगातार घटिरहेको सेयर कारोबार मापक नेप्से परिसूचक सोमबार बढेको हछ । नेप्से २१ दशमलव ३० अंकले बढेको हो ।

शून्य दशमलव ७७ प्रतिशतले बढेपछि नेप्से विन्दु २७ सय ६१ दशमलव २६ विन्दुमा उक्लिएको छ । सो अवधिमा ३ सय १७ कम्पनीको एक करोड आठ लाख ७७ हजार ९ सय ४२ कित्ता शेयर ५७ हजार १ सय ५७ पटक खरिदबिक्री हुँदा पाँच अर्ब ७५ करोड ३२ लाख १९ हजार ६ सय ५२ दशमलव ७८ को कारोबार भएको छ ।

उत्पादन तथा प्रशोधन समूह शून्य दशमलव शून्य पाँच र म्युचुअफ फण्ड समूह शून्य दशमलव ३४ प्रतिशतले घटेको छ भने अरु सबै समूहको उपसूचक बढेको छ । बैंकिङ शून्य दशमलव ५८, विकास बैंक शून्य दशमलव ९५, वित्त शून्य दशमलव २०, होटल तथा पर्यटन शून्य दशमलव ४५, जलविद्युत् शून्य दशमलव ३२, लगानी शून्य दशमलव ३४, र जीवन बिमा समूह शून्य दशमलव ५६ प्रतिशतले बढेको छ । त्यस्तै, लघुवित्त एक दशमलव ५०, निर्जीवन बिमा शून्य दशमलव ३१, व्यापार शून्य दशमलव शून्य पाँच र अन्य समूह दुई दशमलव ७९ प्रतिशतले बढेको छ ।

कारोबारमा नारायणी डेभलपमेन्ट बैंक लिमिटेडको शेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ । सबैभन्दा बढी आरबिबी म्युचुअल फण्ड-१ को शेयर मूल्य तीन दशमलव ८७ प्रतिशतले घटेको छ ।

कारोबार रकमका आधारमा सबैभन्दा बढी नेपाल रिइन्स्योरेन्स कम्पनी लिमिटेडको ७६ करोड ९६ लाख ७७ हजार ९५१ बराबरको शेयर किनबेच भएको छ । त्यस्तै, कारोबार भएका शेयर सङ्ख्याका आधारमा भने सिटिजन्स सुपर ३० म्युचुअल फण्डको सबैभन्दा बढी पाँच लाख ३७ हजार ५५० कित्ता शेयर किनबेच भएको छ ।

## फेरिएको तिज...

...'तिजका नाममा छाडा गीतहरू निस्किएका छन् । कर्मघरमा सासुले दुखदिएका पीडा, माइत जान नपाएका गुनासा, घर गरिखान दु:ख भएको बिलौना समेटिने तिज गीतमा अचेल यो स्वाद भेटिँदैन । सुनिनसक्नु छ अचेलका तिज गीत' नोपाली भन्छिन् । पछिल्लो समय आधुनियकतासँगै भाउजूनन्दका खप्की, सासू-बुहारीका कलह, आमा-छोरीका बिलौना र माइती घरको सम्झना वरिपरि रहेर तिजमा गाइने पुराना लयका गीत आजभोलि गाउँ-घरमा सुनिँदैनन् । आँगनको डिलमा परालको गुन्द्री ओछ्याइ गाउँभरिका लागि लालटिन र दियालोको उज्यालोमा रातभर तिजका गीत मादलको तालमा गाउँदै/नाच्दै गरिने रमाइलो एकाएक हराएको छ । सोमबार दर खाएर तिजको पहिलो दिन मनाइएको छ । समयमा बिवाहित नारीहरु माईती घर जाने आमाले पकाएको दर खाने र माईतीको आगनमा तिजका गीतहरु गाएर नाचगान गरेर यो पर्वलाई हर्ष उत्साहका साथ मनाउने गर्दछन् । सबै नेपालीहरुले धुमधामका साथ मनाउने पर्वमा खाने दरका परिकारमा भने बिस्तारै परिर्वतन आएको छ । केही समय पहिलेसम्म तिजको बेलामा खाने दरका परिकार र पछिल्ला वर्षहरुमा खाने तिजको दरमा फरकपन देखिएको छ । तिजको दर भन्न बितिकै घिउँमा पकाएको खाजा, खिर, बटुका भरी दुध, घिउ, दही, तामाको अचार, आलु, बोडी सिमीको तरकारी सम्झना आउथ्यो । माइतिको आगनमा जम्मा भएर दर खाने चलन थियो तर अहिले त दर भन्न बित्तिकै मासु भातमा सिमित हुन थालेको छ । धेरै ठाउँमा दर खाने कार्यक्रमहरु आयोजना हुन्छन । प्राय ठाउँमा दिदि बैनिहरु जम्मा हुने ठूला ठूला होटलहरुमा दर खाने कार्यक्रमको आयोजना गर्ने, मासु भात खाने अनि स्पिकर बजाएर नाच्ने चलनले कतै तिज पर्वको महत्व नै विस्तारै हराउँदै जाने त हैन भन्ने चिन्ता बढ्न थालेको छ । अझ दरको नाउमा महिनौ दिन अघि देखी ठूलो धनरासी खर्च गरेर होटलहरुमा कार्यक्रम गर्ने महङ्गा महङ्गा गहना कपडाहरु लगाएर प्रदर्शन गर्ने गरेर यो पर्वलाई बिस्तारै भड्किलो गरी मनाउने चलन बढेर गएको छ ।

## पाल्पा टेक्निकल इन्स्टिच्यूटको...

...प्रिन्सिपल पौडेलले आगामी दिनमा इ लाइब्रेरीको व्यवस्था गर्दै जाने, श्रव्यदृश्य सामग्री थप व्यवस्थापन गर्ने, प्रयोगशालामा आवश्यक पर्ने सामग्रीहरु थप गर्ने, शिक्षकहरुलाई थप तालिमको व्यवस्थापन गर्ने, स्टाफ नर्स तथा फार्मेसी कार्यक्रम सञ्चालन गर्न आवश्यक पहल गर्ने बताए । दीक्षान्तमा सामान्य चिकित्स (एचए) पहिलो व्याजका ३९ जना विद्यार्थी दिक्षित भएका छन् । एचए तेस्रो वर्ष उर्तिण गरेका विद्यार्थी दिक्षित भएका हुन् । कार्यक्रममा पुरस्कार वितरण र योगदान गर्ने व्यक्तिहरुलाई सम्मान समेत गरिएको थियो । इन्स्टिच्यूटका अध्यक्ष भेषराज नेपालको सभापतित्व, सदस्य बुद्धिप्रसाद शर्माको स्वागत, शिक्षक दीपेश ज्ञवालीको सञ्चालनमा कार्यक्रम भएको थियो ।

वर्गिकृत डिस्प्ले

१ X ५ साइजमा मात्र

वर्गिकृत डिस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस्

सम्पर्क: ०७५-५२०६०१

मनको आवाज............

'नाम पनि यूनिक, काम पनि यूनिक'

यूनिक एफ.एम. ९४.२ मेगाहर्ज

विज्ञापनको लागि सम्पर्क :
यूनिक शोसियल कम्यूनिकेशन प्रा.लि.
तानसेन, पाल्पा
०७५-५२१४६४, ५२१४६६
E-mail
news.uniquefm@gmail.com
www.uniquefm942.com

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।




कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई